# किन्डरगार्टेन बच्चाको सिक्ने मोह

## किन्डरगार्टेन के हो?

किन्डरगार्टेन बालबालिकाले विद्यालय शुरू गर्नुपूर्व उनीहरूका लागि एक शैक्षिक कार्यक्रम हो।

किन्डरगार्टेन कार्यक्रम स्नातक उतिर्ण शिक्षकहरूद्वारा सिकाइन्छ। किन्डरगार्टेनमा तपाईको बच्चाले उनीहरूलाई विद्यालय शुरू गर्नको लागि तयार गर्न मद्दत गर्ने महत्वपूर्ण सीपहरूको विकास गर्नेछन्।

## मेरो बच्चाको लागि किन्डरगार्टेन कार्यक्रम किन महत्वपूर्ण हुन्छ?

किन्डरगार्टेन जाने बालबालिकाले भविष्यको सिकाइका लागि आधार बन्ने सबै सीपहरू विकास गर्छन् जस्तै पढाइ, गणना गर्ने सिक्ने तथा संख्याहरू चिन्ने र समस्यालाई समाधान गर्ने बारे। तपाईको बच्चाले खेलका माध्यमबाट सिक्नेछ जुन अनुसन्धान अनुसार बच्चालाई सिकाउने उत्तम तरिका हो। किन्डरगार्टेनमा तपाईको बच्चाले नयाँ साथी बनाउनेछन् र आत्मविश्वास तथा स्वत्नत्रताको विकास गर्नेछन्।

## किन्डरगार्टेन कार्यक्रम कसले सञ्चालन गर्छ?

किन्डरगार्टेन कार्यक्रम सबैजसो लामो दिवा बाल हेरचाह केन्द्रमा उपलब्ध हुन्छन् र छुट्टै किन्डरगार्टेन केन्द्रहरूमा पनि पाइन्छन्।

## मेरो बच्चाका लागि कसरी उत्तम किन्डरगार्टेन छान्ने?

किन्डरगार्टेन कार्यक्रम सरकारको अनुदान प्राप्त किन्डरगार्टेन हो कि होईन जाँच्नु राम्रो हुन्छ – त्यो केन्द्रमा 'Funded Kindergarten' (अनुदान प्राप्त किन्डरगार्टेन) को प्रमाणपत्र प्रदर्शन गरिएको छ कि खोज्नुहोस्।

सरकारले राष्ट्रिय गुणस्तर फ्रेमवर्क (National Quality Framework) भनिने प्रणालीको मातहतमा सबै किन्डरगार्टेन तथा लामो दिवा बाल हेरचाह केन्द्र (किन्डरगार्टेन केन्द्र) हरूको गुणस्तरको मूल्यांकन गर्छ र हरेक केन्द्रलाई गुणस्तरको वर्गीकरण (रेटिङ) प्रदान गर्छ। सबै केन्द्रहरूले उनीहरू वर्गीकरण (रेटिङ) लाई प्रदर्शन गर्नुपर्छ। तपाईले उक्त केन्द्रलाई उनीहरूको वर्गीकरण देखाउनका लागि अनुरोध गर्न सक्नुहुन्छ, वा उनीहरूले कुन रेटिङ पाएका छन् भनेर सोध्न सक्नुहुन्छ।

उक्त केन्द्र तपाईको परिवारको लागि सही हो भन्ने निश्चित गर्ने सबैभन्दा सही तरिका सो लामो दिवा हेरचाह केन्द्र वा किन्डरगार्टेनको भ्रमण गरेर त्यसको निरिक्षण गर्नु हो र त्यहाँ उनीहरूले तपाईको बच्चाका लागि के किन्डरगार्टेन कार्यक्रम प्रदान गर्न सक्छन् भनेर बुझ्न त्यहाँका शिक्षकहरूसँग कुरा गर्न सक्नुहुन्छ।

## मेरो बच्चाले अहिलेसम्म अंग्रेजी बोल्न जान्दैन भने के हुन्छ?

किन्डरगार्टेनका शिक्षकहरूले सबै बालबालिकालाई कार्यक्रममा सहभागी गराउँछन् त्यसैले अंग्रेजी नबोल्ने बालबालिकाले पनि अरूहरूले जस्तै खेल्ने तथा सिक्ने समान अवसरहरू प्राप्त गर्नेछन्।

केही किन्डरगार्टेनहरूमा द्विभाषी शिक्षकहरू पनि हुन्छन् जसले कम वा फिटिक्कै अंग्रेजी नबोल्ने बालबालिकाहरूलाई थप मद्दत प्रदान गर्न सक्छन्।

## किन्डरगार्टेनको खर्च कति पर्छ?

सरकारले विद्यालय जानुपूर्वको वर्षमा हप्तामा १५ घण्टाको किन्डरगार्टेन कक्षामा उपस्थित गराउन सबै बालबालिकालाई अनुदान प्रदान गर्दछ। धैरै केन्द्रहरूले सरकारी अनुदानको अलावा थप शुल्क लिन्छन्।

केही परिवारहरूले अतिरिक्त शुल्क तिर्न मद्दत गर्न आर्थिक सहायता पाउन योग्य हुन सक्छन्। उदाहरणका लागि स्वास्थ्य हेरचाह कार्ड (health care card) भएका र मानवीय भिसा भएका परिवारहरूले। थप जानकारीका लागि किन्डरगार्टेन केन्द्रसँग कुरा गर्नुहोस्।

## मैले मेरो बच्चालाई कसरी किन्डरगार्टेनमा भर्ना गर्ने?

यदि तपाईलाई आफ्नो बच्चालाई राख्न रोजेको किन्डरगार्टेन केन्द्र थाहा छ भने तपाईले भर्नाका लागि उनीहरूलाई सम्पर्क गर्न सक्नुहुन्छ। धैरै स्थानीय परिषदहरूमा किन्डरगार्टेन केन्द्रिय भर्ना योजना (Kindergarten Central Enrolment Schemes) हुन्छन् त्यसैले तपाईले आफ्नो क्षेत्रको किन्डरगार्टेन कार्यक्रममा भर्ना गर्नका लागि तपाईको स्थानीय परिषदलाई सम्पर्क गर्न सक्नुहुन्छ वा तपाईको स्थानीय मातृ तथा बाल स्वास्थ्य नर्सलाई सोध्नुहोस्।

धैरैजसो किन्डरगार्टेनहरूले अर्को वर्षको कार्यक्रमको लागि बालबालिकालाई सालको मध्य तिर भर्ना लिन्छन्। धैरै किन्डरगार्टेनहरूमा प्रतीक्षा सूची हुन्छन् त्यसैले तपाईले रोजेको केन्द्रमा स्थान पाउने उत्तम सम्भावनाका लागी जति सक्दो छिटो तपाईको बच्चालाई भर्ना गर्नु राम्रो उपाय हो।

## थप जानकारीका लागिः

### वेबसाइटहरू

तपाईको परिवारका लागि सही किन्डरगार्टेन खोज्न सुझाव लिनुहोस्ः

www.education.vic.gov.au/parents/childcare-kindergarten/Pages/default.aspx

तपाईको क्षेत्रमा किन्डरगार्टेन खोज्नुहोस्ः

www.education.vic.gov.au/findaservice/Home.aspx

### टेलिफोन

| | |
|---|---|
| नर्थ इष्टर्न भिक्टोरिया (North eastern Victoria) | 1300 333 231 |
| नर्थ वेष्टर्न भिक्टोरिया (North western Victoria) | 1300 338 691 |
| साउथ इष्टर्न भिक्टोरिया (South eastern Victoria) | 1300 338 738 |
| साउथ वेष्टर्न भिक्टोरिया (South western Victoria) | 1300 333 232 |

तपाईको भाषामा मद्दत पाउनका लागिः

- राष्ट्रिय अनुवाद तथा दोभाषे केन्द्र (National Translating and Interpreting Service TIS) लाई 131 450 मा फोन गर्नुहोस्।
- तपाईको क्षेत्रको लागि नम्बरमा फोन गर्न उनीहरूलाई अनुरोध गर्नुहोस् (माथि हेर्नुहोस्)
- उनीहरू फोनमा रहिरहनेछन् र अनुवाद गर्नेछन्।